# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२१५ बारा, २०८३ असोज ११ गते आईतबार / प्रतिपदा / नेपाल संवत् ११४६ / Sunday, September 27 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## बाढीमा बेपत्ता साहको कुशको शव बनाएर दाहसंस्कार



कलैया, १० असोज/रसुवाको भोटेकोशी नदीमा गत भदौ १० गते आएको बाढीमा परी बेपत्ता भएका नेपाली सेनाका जवान सुरजकुमार साहको एक महिनापछि शनिवार दाहसंस्कार गरिएको छ ।

बाराको सुवर्ण गाउँपालिका(१ सोलकपुर कुम्हटोलीका नेपाली सेनाको श्रीनाथ गणमा कार्यरत साह ड्युटीमै रहेका बेला बाढीमा बेपत्ता भएका थिए । लामो समयसम्म खोजी गर्दा पनि अवस्था पत्ता नलागेपछि परिवारले धार्मिक परम्पराअनुसार टियरी नदी किनारमा कुशको शव बनाएर उनको अन्तिम संस्कार गरेको हो ।

दाहसंस्कारअघि नेपाली सेनाले उनलाई सैनिक सम्मानसहित सलामी अर्पण गरेको थियो ।

उक्त कार्यक्रममा सुवर्ण गाउँपालिकाका अध्यक्ष राजेश यादव, नेपाली कांग्रेसका नेता सतेन्द्र यादव, जेन्जी अगुवा अजय यादव, नेपाली सेनाका प्रतिनिधि तथा स्थानीय बासिन्दाहरूको उपस्थिति रहेको थियो

बाढीमा बेपत्ता भएदेखि नै परिवार र आफन्तजनले उनको खोजीका लागि निरन्तर पहल गर्दै आएका थिए तर कतैबाट कुनै जानकारी नआएपछि उनीहरूले कुशको शव बनाएर दाहसंस्कार गरेका हुन् ।

## बारामा अघिल्लो एक महीनामामात्रै ८४ सडक दुर्घटना, १२ जनाको मृत्यु र १२२ घाइते




कलैया, १० असोज/बारामा अघिल्लो एक महीनामामात्रै ८४ सडक दुर्घटना, १२ जनाको मृत्यु र १२२ घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय बाराको तथ्यांकअनुसार भदौमा जिल्लाभर ८४ वटा सडक दुर्घटना भएका छन् । ती दुर्घटनामा १२ जनाको मृत्यु, १२२ जना घाइते भएका छन् भने दुर्घटनामा परेका ११५ जनाको उद्धार गरिएको छ ।

एक महिनामै ८४ वटा दुर्घटना र त्यसबाट १२ जनाको मृत्यु हुनुले जिल्लाको सडक सुरक्षा अवस्थामाथि गम्भीर प्रश्न उठाएको छ । राजमार्गदेखि सहरी सडक, पुल, चोक तथा स्थानीय सडकखण्डसम्म भएका दुर्घटनाले बारामा सडक यात्रा जोखिमपूर्ण बन्दै गएको देखाएको छ ।

भदौ महीनामा भएका दुर्घटनामा मोटरसाइकलसँग सम्बन्धित घटना उल्लेख्य छन् । मोटरसाइकल अनियन्त्रित हुने, दुई मोटरसाइकल आपसमा ठोक्किने तथा टिपरलगायत ठूला सवारीसाधनसँग ठक्कर खाने घटनामा मानवीय क्षति भएको प्रहरी तथ्यांकले देखाउँछ ।

भदौ ११ गते कलैया उपमहानगरपालिका- १४ लक्ष्मिनिया चोकमा मोटरसाइकल अनियन्त्रित हुँदा ३३ वर्षीय सुजित पाण्डेको मृत्यु भएको थियो । गम्भीर घाइते पाण्डेको प्रादेशिक अस्पताल कलैयामा उपचारपछि वीरगञ्जस्थित बयोधा अस्पताल लगिएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए ।

सो घटनाको ५ दिनपछि भदौ १६ गते परवानीपुर गाउँपालिका- ४ स्थित केडिया आँखा अस्पताल अगाडि बाटो काटिरहेका सात वर्षीय भारतीय बालक महम्मद ईशानलाई विद्युतीय गाडीले ठक्कर दिएको थियो । टाउकोमा गम्भीर चोट लागेका उनको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । त्यसको भोलिपल्ट नै जीतपुरसिमरा उपमहानगरपालिका- १६ ढुङ्गे पुलनजिक पूर्व-पश्चिम राजमार्गमा तीन मोटरसाइकल आपसमा ठोक्किँदा ४६ वर्षीय रञ्जन शर्मा पौडेलको मृत्यु भएको थियो। दुर्घटनामा दुई जना घाइते भएका थिए ।

त्यसैगरी भदौ २० गते जीतपुरसिमरा- १ बैजुरा पुलमा खाली टिपरले मोटरसाइकललाई ठक्कर दिँदा जितपुरसिमरा- १६ डुमरवानाका ५२ वर्षीय देवबहादुर चौरेलको मृत्यु भएको थियो । दुर्घटनापछि फरार भएका टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको थियो ।

भदौ २२ गते जीतपुरसिमरा- ७ छातापिप्राास्थित आर्मी ब्यारेक अगाडि कुखुरा बोक्ने पिकअप अनियन्त्रित भई डिभाइडरमा ठोक्किँदा २२ वर्षीय चालक जैमुदिन अंसारीको मृत्यु भएको थियो । दुर्घटनामा सहचालक घाइते भएका थिए

भदौ २५ गते कलैया-वीरगञ्ज सडकखण्डमा सुमोले पैदलयात्रीलाई ठक्कर दिँदा एक पुरुषको मृत्यु भएको थियो । पछि मृतकको पहिचान प्रसौनी गाउँपालिका- ५ का १९ वर्षीय अलोककुमार साहका रूपमा भएको प्रहरीले जनाएको छ । सो घटनाको २

बाँकी तेश्रो पेजमा

## बेपत्ता परिवारलाई वडा कार्यालयको आर्थिक सहयोग

निजगढ, १० असोज/गत भदौ १० गते भोटेकोशीमा आएको प्रलयकारी बाढीमा परी बेपत्ता भएका बाराको निजगढ नगरपालिका- ९ का राज विष्ट र दिनेश परियारको परिवारलाई वडा कार्यालयले आर्थिक सहयोग गरेको छ ।

रोजगारीका सिलसिलामा रसुवा पुगेका विष्ट र परियार भोटेकोशी बाढीपछि बेपत्ता भएका छन् । उनीहरूको खोजी कार्यमा परिवारसँगै वडा अध्यक्ष रामचन्द्र कटुवाल समेत सक्रिय रूपमा खटिए पनि उनीहरुको अवस्था पत्ता लाग्न नसकेपछि परिवारले कुशको शव बनाएर अन्त्येष्टि गरिसकेको छ ।

आर्थिक रूपमा विपन्न परिवारमा परेको यो विपत्तिपछि वडा अध्यक्ष कटुवालले राहत तथा सहयोग जुटाउन पहल गर्नुभएको हो ।

वडा अध्यक्ष कटुवालसहित वडाका जनप्रतिनिधि तथा कर्मचारीको टोली पीडित दुवै परिवारको घरमै पुगेर आर्थिक सहयोग प्रदान गरेको छ ।

वडा कार्यालयको तर्फबाट १०/१० हजार रुपैयाँ तथा वडाका जनप्रतिनिधि र कर्मचारीको तर्फबाट ५/५ हजार रुपैयाँ गरी दुवै पीडित परिवारलाई १५/१५ हजार रुपैयाँ सहयोग गरिएको वडा सचिव सोम सिं लामाले जानकारी दिनुभयो

## कांग्रेस निजगढ नगर सभापतीमा गोले सर्वसम्मत



निजगढ, १० असोज/नेपाली कांग्रेस निजगढ नगर कार्यसमितिको तेस्रो नगर अधिवेशनले चयन गरेको नगर कार्यसमितिका पदाधिकारीहरुको नाम आज सार्वजनिक गरिएको छ ।

गत बुधवार सम्पन्न अधिवेशनले सर्वसम्मत रुपमा चयन गरेको नगर कार्यसमितिका पदाधिकारीको नाम पार्टी कार्यालयमा आयोजित घोषणा सभा कार्यक्रममार्फत कांग्रेसले सार्वजनिक गरेको हो ।

अधिवेशनबाट सभापतीमा ज्ञानबहादुर गोले, उपसभापतीमा रुपा घलान र बुद्धिमान शाही, सचिवमा स्वर्ण लामा तथा सहसचिवमा चुडाबहादुर आचार्य 'मिलन' निर्विरोध निर्वाचित भएका थिए । यस्तै ३५ वर्षमुनिको युवा सदस्यमा सुजित खनाल र पुरुषोत्तम आचार्य तथा दलित सदस्यमा इन्द्रबहादुर विश्वकर्मा निर्विरोध निर्वाचित भएका छन् ।

त्यसैगरी सदस्यतर्फ वडा नम्बर १ बाट राधिका खड्का र बाबुलाल वाईवा, २ बाट गीताकुमारी पुलामी र रामबहादुर थापा, ३ बाट दीपेन्द्रकुमार जिम्बा र मुनाकुमारी डासेली, ४ बाट लुला खड्का र रुपेशकुमार चौधरी तथा वडा नम्बर ५ बाट योगमाया अधिकारी र इन्दिरा पोखरेल राउत निर्वाचित भएका छन् ।

यसैगरी वडा नम्बर ६ बाट लक्ष्मीप्रसाद तिमल्सिना र पूजाकुमारी सापकोटा, ७ बाट नेत्रकुमारी थापा र कृष्ण तामाङ, वडा नम्बर ८ बाट अरुण लामा, ९ बाट उदयबहादुर बस्नेत र कल्पना खरेल, १० बाट मुना राना मगर र दीर्घबहादुर लोप्चन, ११ बाट कमला नेपाली र घनश्याम श्रेष्ठ, १२ बाट मेनुका स्याङ्वो र हेमबहादुर स्याङ्तान तथा १३ बाट सानुकान्छा पाखिन र पातलीमाया घलान निर्विरोध निर्वाचित भएका छन् ।

नवनिर्वाचित पदाधिकारी तथा सदस्यलाई निवर्तमान सभापति नवराज तिमल्सिनाले प्रमाणपत्र प्रदान गर्नुभएको थियो । सो अवसरमा पार्टी कार्यालयको माइन्युट तथा अभिलेखसमेत नवनिर्वाचित सभापती गोलेलाई निवर्तमान सभापती तिमल्सिनाले हस्तान्तरण गर्नुभएको थियो ।

बाँकी तेश्रो पेजमा

## लालबकैया पुलबाट हाम फालेका युवक मृत फेला



कलैया, १० असोज/रौतहटको फतुवा विजयपुर नगरपालिकास्थित लालबकैया नदी किनारबाट हाम फालेका एक युवक मृत अवस्थामा फेला परेका छन् ।

मौलापुर नगरपालिका( ४ स्थित लालबकैया पुलबाट शुक्रवार दिउँसो अन्दाजी एक बजेको समयमा हाम फालेका युवक मृत अवस्थामा फेला परेको इलाका प्रहरी कार्यालय मौलापुरका प्रहरी निरीक्षक भारत केसीले जानकारी दिनुभयो ।

बाराको सिम्रौनगढ नगरपालिका(

बाँकी तेश्रो पेजमा

## ट्रकको ठक्करबाट स्कुटर चालकको मृत्यु

सिमरा, १० असोज/पथलैया( हेटौडा सडकखण्ड अन्तर्गत बाराको तीन नम्बर पुल नजिक शुक्रबार राती ट्रकको ठक्करबाट स्कुटर चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा मोरङ लेटाङ नगरपालिका- १ का ३५ वर्षीय योगेन्द्रबहादुर मगर रहेका छन् ।

हेटौडाबाट पथलैयातर्फ आउँदै गरेको बा.प्र. ०२-०६५ प ७५७५ नम्बरको स्कुटरलाई सोही दिशाबाट आइरहेको ना६ख ३६४४ नम्बरको ट्रकले ठक्कर दिएको हो । ठक्करबाट गम्भीर घाइते स्कुटर चालकलाई वीरगञ्जस्थित नारायणी अस्पताल लगिएपनी चिकित्सकले मृत घोषणा गरेको इलाका प्रहरी कार्यालय सिमराले जनाएको छ । प्रहरीले ठक्कर दिने ट्रकसहित चालक जीतपुरसिमरा उपमहानगरपालिका(२१ का ३३ वर्षीय राजन खड्कालाई नियन्त्रणमा लिएको छ । खड्कालाई इलाका प्रहरी कार्यालय सिमराको नियन्त्रणमा राखिएको छ ।

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# कांग्रेसको आन्तरिक शक्ति संघर्ष

नेपाली कांग्रेसभित्रको आन्तरिक राजनीतिक समीकरण फेरि एकपटक रोचक र चुनौतीपूर्ण मोडमा आइपुगेको छ । गत वर्षको पुस महिनामा दुवै पक्षबीच कुरा मिलेर सम्पन्न भएको विशेष अधिवेशनपछि गगन थापा पार्टीको सभापति हुनुहुन्छ ।

यो राजनीतिक परिवर्तनसँगै उहाँ अब पार्टीको महामन्त्री हुनुहुन्न, बरु कांग्रेसको सर्वोच्च नेतृत्व सम्हाल्ने जिम्मेवारीमा पुग्नुभएको छ । तर, विशेष अधिवेशनले नेतृत्वको विवादलाई तत्कालका लागि व्यवस्थापन गरे पनि संस्थापन पक्षका नेता शेरबहादुर देउवा र सभापति गगन थापा पक्षबीचको सांगठनिक टकराव भने अन्त्य हुन सकेको छैन ।

पार्टीभित्र आफ्नो वर्चस्व कायम राख्ने होडबाजीका कारण अहिले दुवै पक्ष अलग(अलग अधिवेशनको तयारीमा जुटेका छन् । गगन थापा पक्षले यही असोज महिनामै आफ्नो पक्षको अधिवेशन गर्ने गरी तयारीलाई तीव्र बनाउनुभएको छ । अर्कोतर्फ, देउवा पक्षले भने आगामी मंसिर महिनामा आफ्नो अधिवेशन गर्ने घोषणा गर्नुभएको छ ।


यसरी एउटै पार्टीभित्र दुई नेताका समूहले अलग(अलग समयमा गर्न लागेका यी अधिवेशनहरूले कांग्रेसभित्रको गुटगत दूरी कति गहिरो छ भन्ने कुरा प्रष्ट पार्छ।बदलिएको समीकरण र भावी चुनौतीविशेष अधिवेशनबाट गगन थापा सभापति चुनिएपछि कांग्रेसको आन्तरिक शक्ति सन्तुलनमा ठूलो हेरफेर आएको छ ।

महामन्त्रीबाट सिधै सभापतिको कुर्सीमा पुग्नुभएका थापाका लागि पार्टीलाई अक्षुण्ण राख्दै देउवा पक्षलाई पनि समेटेर लैजानु मुख्य चुनौती बनेको छ । तर, असोज र मंसिरमा नेताहरूले प्रस्ताव गर्नुभएका यी समानान्तर अधिवेशनहरूले पार्टीभित्र गम्भीर संकट निम्त्याउन सक्ने संकेत गरेका छन् ।

राजनीतिक विश्लेषक र पार्टीकै कतिपय दोस्रो तहका नेताहरूले दुई अलग(अलग महाधिवेशनको यो अवस्थाले कांग्रेसलाई विभाजनको दिशातिर धकेल्न सक्ने भन्दै चिन्ता व्यक्त गर्न थालेका छन् । यदि समयमै दुवै नेताहरूबीच संवाद र सहमति हुन सकेन भने, असोज र मंसिरका यी अधिवेशनहरू कांग्रेसको भविष्यका लागि निर्णायक तर जोखिमपूर्ण सावित हुने देखिन्छ ।

# आधुनिक शिक्षाका सर्जक

- शिक्षविद् शर्माले आधुनिक तथा प्राविधिक शिक्षाको जग बसाल्नुभयो
- बुढानीलकण्ठ स्कुलको व्यवस्थापन समितिमा आठ वर्ष अध्यक्ष
- विसं २०४५ मा सिटिइभिटी स्थापनाको नेतृत्व
- केयुका संस्थापक उपकुलपति भई छैटौं कार्यकालसम्म नेतृत्व





सूर्यप्रसाद पाण्डे

मुलुकको विद्यालयदेखि विश्वविद्यालय तहसम्मको शिक्षामा परम्परागत धारको सिकाइ प्रणालीलाई भत्काउँदै आधुनिक धारमा फर्काउने व्यक्तित्वमा पर्नुहुन्छ प्राडा सुरेशराज शर्मा । आजभन्दा चार दशकअघि नै मुलुकमा प्राविधिक धारको शिक्षाको आवश्यकता महसुस गरेर अहिलेको अवस्थामा ल्याइपु¥याउने श्रेय पनि उहाँलाई नै जान्छ ।

सिन्धुलीको सामान्य परिवारमा जन्मेर भारत र बेलायतका स्थापित विश्वविद्यालयबाट उच्च शिक्षा प्राप्त गरी मुलुकको शिक्षामा अतुलनीय योगदान दिनुभएका शर्माको गत बुधबार ८६ वर्षको उमेरमा निधन भयो । उहाँको निधनले मुलुकको शिक्षा क्षेत्रमा अपूरणीय क्षति भएको छ । शर्मा सिन्धुलीको खुर्कोटमा जन्मिँदा गाउँमा सामान्य पढाइ हुने स्कुलसमेत थिएन । विसं २००७ मा राणा शासनको अन्त्य भएपछि भने फाट्टफुट्ट स्कुल खुल्न थाले, त्यतिबेला खुलेका स्कुलमा पनि मुस्किलले कक्षा ५/६ सम्म मात्रै पढाइ हुन्थ्यो । माथिल्लो कक्षा पढ्न चाहनेलाई काठमाडौँ, जनकपुर वा भारतसम्म जानुपर्ने बाध्यता थियो ।

कक्षा ६ सम्म सिन्धुलीमै पढेपछि शर्मा पनि थप अध्ययनका लागि सर्लाही हुँदै भारत जानुभयो । भारतमा पनि केही समय पढेपछि फेरि जनकपुर फर्किनुभयो, जहाँबाट उहाँले विद्यालय शिक्षा पूरा गर्नुभएको थियो । भारतमा पढ्दा कक्षा ८ मा ऐच्छिक विषयमा विज्ञान, कला वा वाणिज्यमध्ये एक समूह छान्नुपर्ने नियम अनुसार शर्माले कला समूह रोज्नुभएको थियो, जुन आफूसँगै जानुभएका काकाको इच्छाविपरीत थियो । जनकपुर आएपछि भने उहाँले विज्ञान विषय नै रोज्नुभयो । सन् १९५६ मा जनकपुरको सरस्वती माध्यमिक विद्यालयबाट एसएलसी परीक्षा उत्तीर्ण गर्नुभयो । त्यसपछि उहाँले काठमाडौंको पब्लिक विज्ञान क्याम्पस (हालको अमृत साइन्स क्याम्पस) बाट आइएस्सी उत्तीर्ण गर्नुभयो । स्नातक तहमा अध्ययनका लागि त्रिचन्द्र क्याम्पसमा विज्ञान सङ्कायमै भर्ना हुनुभयो र स्नातक तह उत्तीर्ण गर्नुभयो । त्यहीँबाट तत्कालीन कोलम्बो प्लान अन्तर्गतको छात्रवृत्तिमा छनोट भएर स्नातकोत्तर तह अध्ययनका लागि उहाँ भारतको कर्नाटक जानुभयो । सन् १९६४ मा उच्च अङ्क ल्याएर स्नातकोत्तर तह उत्तीर्ण गर्नुभएको थियो । कर्नाटकबाट फर्किएर उहाँले त्रिभुवन विश्वविद्यालयमा पढाउन थाल्नुभयो । त्रिविमा सेवारत रहँदा उहाँले तत्कालीन व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको संस्थापक सहायक डिनको भूमिकासमेत निर्वाह गर्नुभएको थियो ।

शर्माको विद्यावारिधि गर्ने धोको पुरानै थियो तर त्यो समयमा विद्यावारिधि गर्नु चानचुने काम थिएन । त्रिविमा पढाउँदै गर्दा उहाँको उक्त सपना पनि पूरा भयो । उहाँलाई बेलायतको साउथ ब्याङ्क विश्वविद्यालयमा छात्रवृत्तिमा विद्यावारिधि गर्ने अवसर आयो । त्यहाँबाट सन् १९७७ मा रशायनशास्त्रमा विद्यावारिधिको उपाधि लिएर नेपाल फर्कनुभयो । नेपाल फर्केपछि उहाँले तत्कालीन राजपरिवारसँग निकट रहेर काम गर्नुभयो । तत्कालीन राजा महेन्द्रको निधन भएपछि उहाँले राजा वीरेन्द्रसँग पनि निकै नजिक भएर काम गर्नुभएको थियो । राजा वीरेन्द्रकै इच्छा अनुसार शर्मालाई तत्कालीन राष्ट्रिय शिक्षा समितिको सदस्यसचिवमा नियुक्त गरिएको थियो । यो समिति शिक्षा नीति निर्माणको सर्वोच्च निकाय थियो । त्यस समितिमा रहेर शर्माले १२ वर्ष काम गर्नुभयो । शर्मा यही समितिमा रहेकै बेलामा बुढानीलकण्ठ स्कुलको स्थापना गरिएको थियो । उहाँले यस स्कुल व्यवस्थापन समितिको अध्यक्ष भएर आठ वर्ष नेतृत्वसमेत गर्नुभएको थियो । यो स्कुललाई स्थापनाकालदेखि अहिलेसम्म विद्यालय तहमा स्तरीय शिक्षा दिने रोज्जा शैक्षिक संस्था मानिन्छ । बुढानीलकण्ठ स्कुलमा मेधावी छात्रछात्रालाई मात्रै पढ्ने मौका मिल्थ्यो । मुलुकलाई विकासको गतिमा अघि बढाउने हो भने परम्परागत सिकाइ शैलीलाई भत्काएर प्राविधिक र आधुनिक शिक्षा अति आवश्यक रहेको विचार शर्माको थियो ।

यसै मेसोमा बुढानीलकण्ठ स्कुलमा पढ्ने मौका नपाउने विद्यार्थीलाई प्राविधिक तथा व्यावसायिक शिक्षा दिनुपर्ने खाँचो शर्माले औँल्याउनुभयो । यो कुरा तत्कालीन राजा वीरेन्द्रसमक्ष आफूले राखेको पनि शर्मा बताउने गर्नुहुन्थ्यो । यही प्रस्ताव अनुसार शर्मालाई राजा वीरेन्द्रले प्राविधिक तथा व्यावसायिक तालिम प्रदायक संस्था स्थापनाको नेतृत्व दिनुभएको थियो । सोही जिम्मेवारीपछि विसं २०४५ मा हालको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) को स्थापना गरियो । शर्माकै नेतृत्वमा मुलुकभर १० वटा प्राविधिक तालिम प्रदायक संस्थाको स्थापना गरियो ।

यी संस्थाले व्यावसायिक तालिम दिइरहेकै थिए । शर्माको शिक्षाप्रतिको हुटहुटी भने त्यतिमा मात्रै रोकिएन । मुलुकमा आधुनिक धारको उच्च शिक्षा प्रदायक विश्वविद्यालय पनि आवश्यकता रहेको शर्माले महसुस गर्नुभयो । त्यतिबेला काठमाडौँमा त्रिभुवन विश्वविद्यालय पहिले नै स्थापना भएर सञ्चालन भइरहेको थियो । संस्कृत धारको पढाइ हुने गरी दाङमा नेपाल संस्कृत विश्वविद्यालय पनि सञ्चालनमै थियो । नयाँ विश्वविद्यालय स्थापना गर्ने हो भने काठमाडौँबाहिर जानुपर्ने बाध्यता थियो तर जहाँ गए पनि विश्वविद्यालय स्थापनाका लागि भौतिक संरचना, पर्याप्त लगानी तथा जनशक्तिको व्यवस्थापन पनि निकै चुनौतीपूर्ण थियो त्यतिबेला । शर्माले त्यति नै बेला केही सहपाठीसँग मिलेर त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा पुल्चोकमा काठमाडौं भ्याली कलेज स्थापना गर्नुभयो । उक्त कलेजले राम्रो शैक्षिक प्रगति गरेको थियो । भ्याली कलेजको शैक्षिक प्रगतिले शर्मालाई नयाँ विश्वविद्यालय स्थापना गर्ने पुरानो हुटहुटीलाई थप बल पु¥यायो । सोही क्याम्पसलाई स्तरोन्नति गरेर विसं २०४८ मा काठमाडौँ विश्वविद्यालय स्थापना गरियो, जुन विश्वविद्यालयमा शर्माले संस्थापक उपकुलपति भएर छैटौं कार्यकालसम्म नेतृत्व गर्नुभयो । उहाँ विसं २०४८ देखि २०६९ सम्म यहाँ उपकुलपति रहनुभएको थियो । छैटौं कार्यकालको दुई वर्ष बाँकी रहँदा उहाँले विसं २०६९ कात्तिकमा राजीनामा दिनुभएको थियो । विसं १९९७ साउन ७ गते सिन्धुलीको खुर्कोटमा जन्मनुभएका शर्माको ८६ वर्षको उमेरमा निधन भएको थियो । मुलुकको शिक्षा सुधारमा झन्डै पाँच दशक बिताउनुभएका शर्माले विद्यालय शिक्षादेखि विश्वविद्यालय तहसम्मको सुधार तथा आधुनिकीकरणमा पु¥याउनुभएको योगदान स्मरणीय रहेको छ । शिक्षाको परम्परागत सिकाइ पद्धतिलाई भत्काउँदै आधुनिक शिक्षाको जग बसाल्नुभएका शर्मा एक दुरदर्शी शैक्षिक योद्धा रहेको त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा भोला थापा बताउनुहुन्छ ।

काठमाडौँ विश्वविद्यालयका पूर्वउपकुलपति समेत रहेका थापा शर्मालाई यसरी सम्झनुहुन्छ, "उहाँले शिक्षामा फरक सोच बनाएर अवसरको सिर्जना गर्नुभयो । बहुविश्वविद्यालयको अवधारणालाई मूर्त रूप दिनुभयो । राज्यले गर्न नसकेको काम समाज र राज्य मिलेर ग¥यो भने सफल हुन्छ भन्ने उदाहरण पेस गर्नुभयो ।"

प्राविधिक धार र चिकित्सा शिक्षामा उहाँले पु¥याउनुभएको योगदानकै कारण अहिले समाजले दक्ष जनशक्ति पाइरहेको पनि ३२ वर्ष शर्मासँगै रहेर सेवा गर्नुभएका थापाको भनाइ छ । आफूहरूले अहिले पनि शर्माकै मार्गदर्शन अनुसार काम गरिरहेको थापाको भनाइ छ । शर्माको नेतृत्वमा स्थापना भएको काठमाडौँ विश्वविद्यालयलाई अहिले पनि गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालयको श्रेणीमा राखिन्छ । आधुनिक शिक्षाको जग बसाल्ने श्रेय अहिले पनि काठमाडौँ विश्वविद्यालयलाई नै जान्छ । मुलुकको शिक्षालाई व्यावहारिक र व्यावसायिक धारमा लैजान नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका एक कुशल अभियन्ताको अवसान भएको काठमाडौँ विश्वविद्यालय (केयु) का उपकुलपति प्राडा विवेक अर्याल बताउनुहुन्छ ।

"केयुको स्थापना, विकास र विस्तारमा उहाँले पु¥याउनुभएको ऐतिहासिक योगदान तथा नेपालको शिक्षा, विज्ञान र प्रविधिको क्षेत्रमा निर्वाह गर्नुभएको नेतृत्व सदैव स्मरणीय र प्रेरणादायी रहने छ," बराल भन्नुहुन्छ, "उहाँको निधनले नेपालले एक दूरदर्शी शिक्षाविद् र राष्ट्रको शैक्षिक विकासका एक अग्रणी व्यक्तित्व गुमाएको छ ।"

शिक्षाविद् केदारभक्त माथेमा पनि मुलुकको शिक्षा क्षेत्रलाई अहिलेको अवस्थासम्म ल्याइपु¥याउन शर्माको भूमिका अतुलनीय रहेको बताउनुहुन्छ । "उहाँलाई सम्झनुमा धेरै कुरा छ । शिक्षामा उहाँको दूरदृष्टि थियो । उहाँ सधैं व्यावसायिक शिक्षालाई अपहेलना गर्नु हुँदैन भन्नुहुन्थ्यो । त्यतिबेलाको उहाँको विचार अहिले झन् सान्दर्भिक हुँदै गइरहेको छ," माथेमा भन्नुहुन्छ, "अहिले पनि शिक्षासँग सम्बन्धित कुनै विषयमा छलफल गर्नु प¥यो भने सबैभन्दा पहिला उहाँलाई नै सम्झने गर्दथ्यौं । उहाँको निधनबाट मुलुकलाई अपूरणीय क्षति पुगेको छ ।" शर्मासँगै चार दशकदेखिको सहकार्य गर्नुभएका केयुकै पूर्वउपकुलपति डा. रामकण्ठ माकजू श्रेष्ठ पनि नेपाली माटो सुहाउँदो व्यावहारिक एवं सिपमूलक शिक्षा विस्तार गर्ने तथा समयसापेक्ष विकास गर्दै जाने सवालमा शर्मा सक्षम व्यक्ति रहेको बताउनुहुन्छ । शर्माकै नेतृत्वमा काठमाडौँ विश्वविद्यालय र धुलिखेल अस्पतालबिचको दरिलो सहकार्यले नेपालमा मात्र नभई विश्वस्तरमा खारिएका विद्यार्थी उत्पादन गरिएको बताउँदै श्रेष्ठ भन्नुहुन्छ, "दुई संस्थाबिचको सहकार्यले गुणस्तरीय स्वास्थ्य प्रदान गर्न सकेकोमा हामीलाई आत्मसन्तुष्टि थियो । सीमित साधनस्रोत, प्रतिकूल वातावरण एवं प्रचुर आर्थिक कठिनाइबिच विभिन्न क्षेत्रमा हासिल गर्न सकेको महत्वपूर्ण उपलब्धिबाट हाम्रो सहकार्य सार्थकसिद्ध भयो ।" **साभार:गोरखापत्र**



# बाढी र पहिरोले ६ जनाको ज्यान गयो, सम्पत्तिको ठूलो क्षति

काठमाण्डौं,१० असोज/बंगालको खाडीमा उत्पन्न न्यूनचापीय चक्रका कारण भएको वर्षापछिको बाढीपहिरोमा परि ६ जनाको मृत्यु भएको छ ।

अविरल वर्षाका कारण असोज ८ गतेयता देशका विभिन्न स्थानमा बाढीपहिरोले क्षति पुगेको छ । यसक्रममा ६ जनाको मृत्यु भएको नेपाल प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार, विपद्बाट बागमती र लुम्बिनी प्रदेशमा दुई(दुई, गण्डकी र कर्णालीमा एक(एक जनाको मृत्यु भएको छ ।

त्यस्तै, बाढीपहिरोमा परी दुई जना घाइते भएका छन् । दुवै जनाको स्थानीय अस्पताल उपचार भइरहेको छ ।

बाढीपहिरो तथा डुवानमा परेका ४०७ जनाको उद्धार गरिएको छ । अझै पानी पर्ने क्रम जारी रहेकाले सतर्कता अपनाउन प्रहरीले अनुरोध गरेको छ ।

## विदेशमा बस्ने नेपालीका मताधिकारबारे परामर्शमा आयोग

काठमाडौं, १० असोज/निर्वाचन आयोगले विदेशमा रहेका नेपाली नागरिकलाई मतदानमा सहभागी गराउने विषयमा विभिन्न आयामबाट छलफल चलाइरहेको छ ।

विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकार (आउट अफ कन्ट्री भोटिङ) दिने सवालमा प्रमुख आयुक्त मानबहादुर कार्कीसहितका पदाधिकारीले सरोकारवाला एवं जानकारहरूसँग विमर्श चलाउनुभएको हो ।

आयोगले सम्बन्धित मुलुकमा रहेका नेपाली नागरिकको सङ्ख्या, मतदाता नामावली सङ्कलनको सम्भावित प्रक्रिया, मतदानको सम्भावित विधि तथा निर्वाचन सञ्चालनमा कूटनीतिक नियोगको भूमिकाबारे विचारविमर्श गरिरहेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताउनुभयो ।

विदेशमा रहेका नेपालीको यकीन विवरण सङ्कलन, उनीहरूलाई मतदाता नामावलीमा समेट्ने प्रक्रिया, मतदान केन्द्रको सम्भावित व्यवस्था तथा मतदानपछि मतपत्र व्यवस्थापनलगायत प्राविधिक र प्रशासनिक पक्षमा समेत आयोगले छलफल चलाएको छ ।

यसै सन्दर्भमा आयोगले परराष्ट्र मन्त्रालयको सहजीकरणमा हालै विभिन्न मुलुकस्थित नेपाली राजदूतावास तथा कूटनीतिक नियोगका प्रमुखसँग छलफल गरेको थियो ।

## प्रधानमन्त्रीशाह...

थियो ।

प्रधानमन्त्री शाह नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै महासभाको उच्चस्तरीय सप्ताहमा सहभागी हुन यही असोज ६ गते संयुक्त राज्य अमेरिकाको न्युयोर्क प्रस्थान गर्नुभएको थियो ।

उहाँ नेतृत्वको प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार कुमार व्यञ्जनकार, परराष्ट्र सचिव अमृतबहादुर राईलगायत हुनुहुन्थ्यो ।

यसैबीच, प्रधानमन्त्री शाह भन्दाअघि नै न्युयोर्क प्रस्थान गर्नुभएका परराष्ट्रमन्त्री खनाल भने राष्ट्रसङ्घीय महासभाअन्तर्गतका विभिन्न कार्यक्रममा सहभागी भइरहनुभएको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री शाहले हिजो महासभालाई सम्बोधन गर्नुभएको थियो । सो अवशरमा प्रधानमन्त्री शाहले 'जलवायु न्याय' संयुक्त राष्ट्रसङ्घको दस्तावेजमा सुन्दर वाक्यमा मात्र सीमित हुन नहुने उल्लेख गर्दै हाम्रा देशका मानिसलाई बारम्बार विगतको पुनर्निर्माणमा संलग्न गराइनुको साटो आफ्नो भविष्य बनाउने अवसर दिइनुपर्नेमा जोड दिनुभएको थियो ।

उहाँले गत भदौ १० गते भोटेकोशी नदीमा गएको बाढीबाट भएको जनधनको क्षतिबारे जानकारी गराउँदै उक्त विपद् स्थानीय त्रासदी मात्रै नभई विश्वका लागि एउटा चेतावनी पनि भएको उल्लेख गर्नुभएको थियो ।

उहाँले सम्बोधनका क्रममा जलवायु परिवर्तनले भौगोलिक सीमा नचिन्ने तथा 'हिमनदी र बाढी 'पासपोर्ट'मा 'भिसा' लगाएर यात्रा गर्दैनन्' भनी उल्लेख गर्नुभएको थियो । प्रधानमन्त्री शाहले नेपाल, भारत र चीनको नेतृत्वमा 'हिमालय जलवायु उत्थानशीलता संयन्त्र' स्थापना गर्न प्रस्ताव गर्नुभएको थियो ।

भ्रमणका क्रममा उहाँले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेससँग बिहीबार भेटवार्ता गर्नुभएको थियो ।

## सुदूरपश्चिमका...

गएका गाडीलाई बीच बाटोबाटै फर्काएको छ ।

यसैबीच, अस्ति बिहीबारदेखि भइरहेको लगातारको वर्षाका कारण आएको बाढी र पहिरोले यातायात क्षेत्र अस्तव्यस्त बनेको छ । सडक विभागका अनुसार बाढी र पहिरोका कारण राजधानी काठमाण्डौ जोड्ने मुख्य राजमार्ग पृथ्वी राजमार्गसहित देशभरका १० वटा प्रमुख राजमार्गहरू अवरुद्ध भएका छन् । पृथ्वी राजमार्गको कृष्णभीरमा पहिरो हटाएपछि एकतर्फी सञ्चालनमा आएको छ ।

बीपी राजमार्ग, कान्ति राजमार्ग, मध्यपहाडी, कर्णाली, सिद्धिचरण, तमोर कोरिडोर र राप्ती राजमार्गका विभिन्न खण्डहरूमा समेत पहिरोका कारण अवरुद्ध बनेका छन् । सडक विभागले अवरुद्ध सडकहरूमा पहिरो पन्छाउने तथा मर्मत गर्ने प्रयास भइरहेको जनाएको छ ।

प्रशासनले बाढी पहिरोको उच्च जोखिम कायम रहेको भन्दै अत्यावश्यक कामबाहेक यात्रा नगर्न र उच्च सतर्कता अपनाउन सबैमा आग्रह गरेको छ ।

# पर्साको जिराभवानीमा भेट्रान कप फुटबल प्रतियोगिता हुने

कृष्ण मोहन साह

सेढवा, १० असोज/पर्साको जिराभवानी गाउँपालिका( २ सेढवास्थित मिनी रंगशालामा प्रथम जिराभवानी भेट्रान कप(२०८३ फुटबल प्रतियोगिता आयोजना हुने भएको छ ।

जिराभवानी भेट्रान क्लबको आयोजना तथा प्रगति युवा समाज नेपाल, जिराभवानी( २ सेढवाको सहआयोजनामा प्रतियोगिता असोज २४ गतेदेखि ३१ गतेसम्म सञ्चालन हुने भएको हो ।

प्रतियोगिताबारे जानकारी दिन शनिबार जिराभवानी भेट्रान क्लबका अध्यक्ष चक्रधारी चौधरीको अध्यक्षता तथा युवा समाजसेवी कृष्ण चौधरीको प्रमुख आतिथ्यमा पत्रकार सम्मेलन गरिएको थियो ।



पत्रकार सम्मेलनमा युवा समाजसेवी कृष्ण चौधरीले गाउँघरका युवालाई खेलकुदतर्फ आकर्षित गर्दै कुलतबाट जोगाउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताउनुभयो । ४० वर्ष उमेर कटेका खेलाडी मैदानमा उत्रिएर फुटबल खेल्दा नयाँ पुस्तामा समेत खेलप्रति रुचि र उत्साह बढ्ने उहाँको भनाइ थियो ।

"खेलकुदले युवालाई अनुशासनमा राख्नुका साथै सकारात्मक गतिविधितर्फ अग्रसर गराउन महत्वपूर्ण भूमिका खेल्छ," चौधरीले भन्नुभयो ।

प्रतियोगितामा १६ वटा भेट्रान क्लबलाई सहभागी गराउने लक्ष्य राखिएको छ । हालसम्म ११ वटा टोलीको सहभागिता सुनिश्चित भइसकेको जिराभवानी भेट्रान क्लबका अध्यक्ष चक्रधारी चौधरीले जानकारी दिनुभयो

प्रतियोगितामा पर्सासँगै बारा, सर्लाही र मकवानपुरका भेट्रान टोलीको समेत सहभागिता रहने आयोजकले जनाएको छ। बाँकी टोलीको सहभागिता सुनिश्चित गर्ने तयारी भइरहेको छ ।

प्रतियोगिताको विजेता टोलीले नगद ५० हजार रुपैयाँसहित ट्रफी तथा उपविजेता टोलीले २५ हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्ने आयोजकले जनाएको छ ।

आयोजकका अनुसार प्रतियोगिताले ४० वर्षमाथिका खेलाडीलाई पुनः खेलमैदानमा सक्रिय गराउनुका साथै स्थानीयस्तरमा खेलकुदको वातावरण निर्माण गर्न र नयाँ पुस्तालाई फुटबलतर्फ आकर्षित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## लालबकैयापुलबाट.....

११ कटहरिया टोल निवासी करिब २७ वर्षीय सचिन्द्र यादव उपचारका लागि शुक्रवार गरुडातर्फ जाँदै गर्दा मोटरसाइकलबाट लालबकैया पुलमा ओर्लिएर खोलामा हाम फालेका थिए । यादव आफ्नै दाइ सिकिन्द्र यादवले चलाएको बागमती प्रदेश(०२(०६२ प ८५४८ नम्बरको मोटरसाइकलमा पछाडि सवार रहनुभएको थियो ।

पुलबाट खोलामा हाम फालेका यादवको खोजीका लागि इलाका प्रहरी कार्यालय मौलापुरबाट प्रहरी निरीक्षक भरत केसीको कमान्डमा १७ जना र सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेस क्याम्प देवाही गोनाहीबाट सशस्त्र प्रहरी निरीक्षक दिलबहादुर नेपालीको कमान्डमा गोताखोरसहित सात जनाको टोली परिचालन गरिएको थियो ।

## बारामाअघिल्ला...

दिनपछि अर्थात भदौ २७ गते कलैया उपमहानगरपालिका- ४ अदालत रोडमा दुई मोटरसाइकल आपसमा ठोक्किँदा ३५ वर्षीय साहेब देवानको मृत्यु भएको थियो । दुर्घटनामा दुई जना घाइते भएका थिए ।

त्यसैगरी भदौ ३० गते जीतपुरसिमरा- २३ स्थित सागर आयल पेट्रोल पम्पनजिक ग्यास बोकेको ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा दुई जनाको मृत्यु भएको थियो । मृत्यु हुनेमा पर्साको वीरगञ्ज-१५ का ३५ वर्षीय रबिन्द्र उपाध्याय र करैयामाई गाउँपालिका- ७ का ३० वर्षीय दिलिप चौधरी रहेको प्रहरी विवरणमा उल्लेख छ ।

प्रहरी विवरणमा कतिपय दुर्घटनामा मोटरसाइकल तथा पिकअप 'आफैँ अनियन्त्रित' भएको उल्लेख भएको पाइएको छ । तर सवारीको गति, चालकको अवस्था, यान्त्रिक अवस्था, सडकको भौतिक अवस्था, सडक संकेत तथा ट्राफिक व्यवस्थापनलगायतका पक्षको अध्ययनबाट मात्रै दुर्घटनाको वास्तविक कारण पहिचान गर्न सकिने सरोकारवालाहरू बताउँछन् ।

बारा औद्योगिक तथा यातायातको महत्वपूर्ण केन्द्र भएकाले जिल्लाका सडकमा दैनिक ठूलो संख्यामा ट्रक, टिपर, बस, सुमो, विद्युतीय सवारी तथा मोटरसाइकल सञ्चालन हुने गर्छन्। आकार र गतिमा ठूलो अन्तर भएका सवारीसाधन एउटै सडकमा सञ्चालन हुँदा जोखिम थप बढ्ने गरेको देखिन्छ

विशेषगरी बैजुरा पुलमा टिपरले मोटरसाइकललाई ठक्कर दिएको तथा सागर आयलनजिक ग्यास बोकेको ट्रकसँग मोटरसाइकल ठोक्किँदा दुई जनाको मृत्यु भएको घटनाले ठूला मालवाहक सवारी र दुईपांग्रे सवारीबीचको सुरक्षा व्यवस्थापनमा समेत ध्यान दिनुपर्ने देखाएको छ ।

नेपाल पत्रकार महासंघ बाराका पूर्वउपाध्यक्ष राकेश पाण्डेयले सडक दुर्घटना न्यूनीकरणका लागि दुर्घटना भएपछि गरिने कारबाहीभन्दा दुर्घटना हुनुअघि जोखिम पहिचान र रोकथाममा जोड दिनुपर्ने बताउनुभयो । उहाँका अनुसार प्रहरी, सडक व्यवस्थापन निकाय, स्थानीय तह, यातायात व्यवस्था कार्यालयलगायत सरोकारवाला निकायबीच प्रभावकारी समन्वय आवश्यक छ । जोखिमयुक्त सडकखण्ड, पुल र चोक पहिचान गरी विशेष सुरक्षा योजना लागू गर्नुपर्ने, गति नियन्त्रण प्रभावकारी बनाउनुपर्ने तथा सडक संरचनामा आवश्यक सुधार गर्नुपर्ने उहाँको भनाइ छ ।

विद्यालय, अस्पताल, बजार, चोक तथा बाक्लो बस्ती भएका क्षेत्रमा पैदलयात्रीका लागि सुरक्षित संरचना निर्माण तथा ट्राफिक व्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने सरोकारवालाहरुको भनाइ छ । अधिवक्ता परमहंस केसरीले सडक सुरक्षा नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएको विषय भएकाले दुर्घटनाको कारण र जिम्मेवारीको वस्तुगत अध्ययन आवश्यक रहेको बताउनुभयो ।

दुर्घटनापछि कानुनी कारबाहीसँगै दुर्घटना दोहोरिन नदिन सम्बन्धित निकायले आफ्नो जिम्मेवारी पहिचान गर्नुपर्ने उहाँको भनाइ छ । जोखिमयुक्त सडक, कमजोर संरचना, पर्याप्त संकेतको अभाव तथा पैदलयात्रीका लागि सुरक्षित व्यवस्था नभएका स्थानमा सुधार नगरी दुर्घटना न्यूनीकरण गर्न कठिन हुने उहाँले बताउनुभयो ।

प्रहरीले दुर्घटनापछि घटनास्थलमा टोली परिचालन गर्ने, घाइतेको उद्धार गरी अस्पताल पठाउने तथा चालक र सवारीलाई नियन्त्रणमा लिएर कानुनी प्रक्रिया अघि बढाउने गरेको छ ।





# जीतपुरसिमराको नेरामाविलाई हरपुरलाई नमूना विद्यालय बनाइने




सिमरा, १० असोज/बाराको जीतपुरसिमरा उपमहानगरपालिका( २४ हरपुरमा रहेको नेपाल राष्ट्रिय माध्यमिक विद्यालयलाई नमुना विद्यालय बनाइने भएको छ। विद्यालयलाई नमूना बनाउने उद्देश्यका साथ मधेश प्रदेशसभा सदस्य देवनारायण चौधरीको सिफारिसमा प्रक्रिया सुरु भएको छ।

यसै क्रममै मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंहले विद्यालयको स्थलगत निरीक्षण गर्नुभएको छ।

निरीक्षणका क्रममा मन्त्री सिंहले विद्यालयका शिक्षक, शिक्षिका, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, स्थानीय युवासँग अन्तरक्रिया गर्नुभएको थियो। उहाँले चालु आर्थिक वर्षभित्रै सात करोड ५० लाख रुपैयाँको बजेटबाट नयाँ भवन निर्माणसहित नमूना विद्यालयका लागि आवश्यक पर्ने सम्पूर्ण पूर्वाधार र शैक्षिक कार्यहरू अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। प्रदेश सरकार गुणस्तरीय र उत्कृष्ट शिक्षा प्रदान गर्न निरन्तर लागिपरेको जानकारी गराउँदै मन्त्री सिंहले विद्यालयको समग्र विकासका लागि सधैँ अग्रसर भएर लाग्न आग्रह गर्नुभएको छ।

निरीक्षण कार्यक्रममा मधेश प्रदेशसभा सदस्य रवीन्द्र दास श्रेष्ठ, त्रिलोकी चौधरी, जीतपुरसिमरा उपमहानगरपालिकाका उपप्रमुख भोलाप्रसाद अधिकारी, नेकपा एमाले मधेस प्रदेश सचिव मनोज पौडेल, एमाले बाराका अध्यक्ष अद्यानन्द पाण्डे, रवीन्द्र खकुरेल र सेराजुल अन्सारीलगायत स्थानीय प्रतिनिधि तथा नेताहरूको उपस्थिति रहेको थियो।

# लागु औषध गाँजासहित एक जना पक्राउ


रौतहट, १० असोज/लागु औषध गाँजासहित दुर्गाभगवती गाउँपालिका वडा नं १ गङ्गापिपरा बस्ने रामविनोद साहका २६ वर्षीय छोरा पुजन साह पक्राउ परेका छन्।

शनिबार दिउँसो करिब १ बजेको समयमा रौतहटको यमुनामाई गाउँपालिका वडा नं ४ स्थित सरुअठादेखि झोलुङ्गे पुल जाने बाटोमा रोकी राखिएको बिआर ३० टी ५०९१ नं को ग्यालेम्बर मोटरसाइकल शंका लाग्दा चेकजाँच गरेपछि झोलामा राखिएको ५ किलो २५० ग्राम लागुऔषध गाँजा फेला परेको थियो।

अस्थायी प्रहरी पोस्ट बमनहरबाट प्रहरी सहायक निरीक्षक सञ्जिव कुमार साहको कमाण्डमा खटिएको टोलीले गाँजासहित मोटरसाइकल तथा चालकलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

साहलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय रौतहटमा राखिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सिताराम रिजालले जानकारी दिनुभयो।

# मधेससहित चार प्रदेशमा तीव्र हावाहुरी र वर्षाको सम्भावना, सतर्कता अपनाउन आग्रह




वीरगञ्ज, १० असोज/वर्षासँगै देशका विभिन्न क्षेत्रमा तीव्र हावाहुरी चलिरहेको र यो क्रम थप बढ्न सक्ने भन्दै जल तथा मौसम विज्ञान विभागले सर्वसाधारणलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

विशेषगरी मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न क्षेत्रमा ठूलो हावा चलिरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

भारतको उत्तर प्रदेश आसपासमा रहेको न्यूनचापीय क्षेत्र तथा बंगालको खाडीमा विकसित न्यूनचापीय प्रणालीको संयुक्त प्रभावका कारण शनिबार रातिसमेत ती चार प्रदेशमा तीव्र हावा चल्ने सम्भावना रहेको छ।

पछिल्लो तीन दिनदेखि देशका विभिन्न भागमा भइरहेको वर्षाको क्रम आइतबारसम्म कायम रहने पूर्वानुमान गरिएको छ। यसैबीच, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा आइतबार दिउँसो पनि ठूलो हावा चल्ने सम्भावना रहेको छ।

हावाहुरी तथा वर्षाका कारण हुन सक्ने सम्भावित जोखिमबाट जोगिन विभागले विशेष अनुरोध गरेको छ। कमजोर संरचना, घरका टिनका छाना तथा रूखमुनि नबस्न र मौससम्बन्धी ताजा सूचना तथा पूर्वानुमानमा निरन्तर ध्यान दिन आग्रह गरिएको छ।

# खाल्डोमा जमेको पानीमा डुबेर सप्तरीमा ५ वर्षीय बालकको मृत्यु



सप्तरी, १० असोज/सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका( १३ गोबरगढामा खाल्डोमा जमेको पानीमा डुबेर ५ वर्षीय बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा स्थानीय बासिन्दा सुरेश यादवका ५ वर्षीय छोरा विवेक यादव रहेका छन्।

शुक्रबार दिउँसो करिब १२ बजे घरबाट दक्षिणतर्फको चौरमा खेल्न गएका बालक पानी जमेको खाल्डोमा डुबेको अवस्थामा फेला परेका थिए।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेका अनुसार बालकको उद्धार गरी घर लगिए पनि तबसम्म उनको मृत्यु भइसकेको थियो। घटनाबारे स्थानीयले जानकारी गराएपछि जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक अनिल साहको नेतृत्वमा प्राविधिक टोली अनुसन्धानका लागि घटनास्थलतर्फ परिचालन गरिएको छ।

यता सप्तकोशी नदीमा पानीको बहाव बढेसँगै गोबरगढा क्षेत्र उच्च बाढीको जोखिममा समेत परेको छ।

यसैबीच, सम्भावित दुर्घटनाबाट बच्न नदी तथा पानी जमेका खाल्डाखुल्डी आसपासमा विशेष सावधानी अपनाउन प्रहरीले स्थानीय बासिन्दालाई आग्रह गरेको छ।

# करेन्ट लागेर चितुवाको मृत्यु, चितवनमा एक सातामै दुई वन्यजन्तु मरे

चितवन, १० असोज/कृषि तथा वन विज्ञान विश्वविद्यालय परिसरमा रहेको बिजुलीको ट्रान्सफर्मरबाट करेन्ट लागेर एक चितुवाको मृत्यु भएको छ।

करिब १० महिना उमेर भएको पोथी चितुवाको करेन्ट लागेर मृत्यु भएको जिल्ला वन कार्यालय चितवनका प्रमुख विष्णुप्रसाद आचार्यले जानकारी दिनुभयो।

आचार्यका अनुसार बच्चा हुर्काउनका लागि केही समय जङ्गलको कोर क्षेत्रभन्दा केही बाहिर सुरक्षित स्थानमा चितुवा जाने गर्दछन्।

कृषि विश्वविद्यालय परिसरमा पनि केही महिनादेखि बच्चासहितको चितुवा क्यामरा ट्र्यापमा परेको थियो। सोही चितुवाको बच्चा हुनसक्ने प्रमुख आचार्यले बताउनुभयो। मृत्यु भएको चितुवाको आजै पोष्टमार्टम गरिएको छ। प्रकृति संरक्षण कोषा सौराहाका भेटेनरी डाक्टर अमिर सडौलाका अनुसार पुच्छर ढाडलगायतका ठाउँ करेन्टले ढडेको पाइएको छ।

उहाँले चितुवाको बच्चा चकचके हुने रुख चढ्ने भएकोले आमासँग खेल्दा उफ्रिएर माथि गएको र ट्रान्सफर्मरमा परेर करेन्ट लागेको हुन सक्ने बताउनुभयो।

चितवनमै असोज ३ मा रोनाल्डो हात्ती करेन्ट लागेर मरेको थियो। रोनाल्डो हात्ती मुखमा बिजुलीको तार चपाएको अवस्थामा मृत भेटिएको थियो। रोनाल्डो हात्तीले वरण्डाभार सुरक्षा पोष्टमा लगेको बिजुलीको तार चपाएको थियो।

# तीन दिनदेखि लगातार वर्षा गराइरहेको प्रणाली पश्चिम नेपालमा केन्द्रित

काठमाण्डौ १० असोज/तीन दिनदेखि लगातार वर्षा गराइरहेको प्रणाली अहिले देशको मध्य र पश्चिमी क्षेत्रमा केन्द्रित भएको छ। मौसम पूर्वानुमान महाशाखाको विवरण अनुसार अहिले काठमाण्डौ उपत्यकाको आसपासका केही जिल्लासहित त्यसभन्दा पश्चिमतर्फ पानी परिरहेको छ।

आज राति गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका केही जिल्लामा मुसलधारेदेखि आरिघोप्टेसम्मको वर्षा हुन सक्ने मौसम पूर्वानुमान महाशाखाको अनुमान छ। महाशाले देशको पूर्वी क्षेत्रमा उच्च जोखिम घटेको र पश्चिम क्षेत्रमा भोलिसम्म जोखिम रहने जनाएको छ।

पर्सिदेखि देशभरको मौसम खुल्ने छ। तर मनसुन सक्रिय रहेकोले जुनसुकै ठाउँमा सामान्यदेखि मध्यम वर्षा हुन सक्ने भएको र जमिन भिजेको अवस्था रहेकोले केही दिन सावधानी अपनाउन मौसमविद्को सुझाव छ। यसैबीच आज वर्षासँगै ठूलो हावाहुरी चल्ने जल तथा मौसम विज्ञान विभागले जनाएको छ। मौसम पूर्वानुमान महाशाखाले दिउँसो सूचना निकालेर हावाहुरी चल्न थालेको जनाएको हो मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा ठूलो हावा चलिरहेको छ।

भारतको उत्तर प्रदेश आसपासमा रहेको न्यून चापीय क्षेत्रका कारण आज राति पनि चारै प्रदेशमा ठूलो हावा चल्ने सम्भावना रहेको महाशाखाले जानकारी दिएको छ। लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा भोलि दिउँसो पनि ठूलो हावा चल्ने सम्भावना रहेको जनाएको छ। ठूलो हावा चल्ने भएकाले सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ।

# प्रधानमन्त्री शाह स्वदेश फिर्ता

काठमाण्डौ १० असोज/ प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्र सङ्घको ८१औं महासभामा सहभागी भई आज स्वदेश फर्कनुभएको छ।

उहाँलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अर्थमन्त्री डा स्वर्णिम वाग्ले, गृहमन्त्री सुधन गुरुङ, संस्कृति, पर्यटन तथा नागरिक उययनमन्त्री खडकराज पौडेलले स्वागत गर्नुभएको

बाँकी तेश्रो पेजमा

# सुदूरपश्चिमका ७ जिल्लामा गाडी चलाउन रोक

काठमाण्डौ १० असोज/लगातारको वर्षाका कारण उत्पन्न हुनसक्ने सम्भावित जोखिमलाई ख्याल गरेर स्थानीय प्रशासनले सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाहरूमा गाडी चलाउन रोक लगाएका छन्।

कैलाली र कञ्चनपुरबाहेक सुदूरपश्चिमका ७ वटै पहाडी जिल्लामा आज बिहान ७ भोलि बिहान ७ बजेसम्मका लागि छोटो तथा लामो दूरीका कुनै पनि गाडी चलाउन नपाइने सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूले जनाएका छन्। ट्राफिक प्रहरीले सूचना थाहा नपाएर पहाडतर्फ

बाँकी तेश्रो पेजमा

## सुरक्षित यात्रा गरौं

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं/ नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं ।

सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:- kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३